साझाकुरा

### हाम्रो कुरा

# नयाँ मन्त्रालयमा चलायमान खै ?

बागमती प्रदेश सरकारले मन्त्रालय फुटाएर जम्बो मन्त्रिपरिषद् बनाउने तयर, ती मन्त्रालयका मन्त्री झण्डा फरफराएर चिल्ला गाडी चढेर मात्र हिड्नु गलत साबित हुनेछ । त्यसकारण यदी जनताका माझ मन्त्रालय फुटाउनुको सकारात्मक धारणा विकास गर्ने हो भने, चलायमान बनाउन जरुरी छ । प्रदेश सरकारले तीब्रताका साथ नयाँ मन्त्रालयमा सम्बन्धित योजना छुट्याएर जनतामाझ काम देखाउनुपर्ने आवश्यकता सिर्जना भइसकेको छ । ११ कार्तिकमा मुख्यमन्त्री बनेका पाण्डेले आफ्नो नेतृत्वको सरकारलाई ५७ दिनपछि पूर्णता दिएका हुन् ।

१५ मंसिरमा आठ वटा मन्त्रालय फुटाएर गठबन्धनमा भागबन्डा पुऱ्याउन १४ बनाइएपछि चौथो चरणमा मन्त्रिपरिषद्लाई पूर्णता दिइएको हो । १३ मन्त्री, ४ राज्यमन्त्री नियुक्त गरेर गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) ले भागबन्डा पुऱ्याएका छन् । गठबन्धनबाट मुख्यमन्त्री बनेका पाण्डेले सत्ता टिकाउन र गठबन्धनलाई थप बलियो बनाउन ८ मन्त्रालयलाई फुटाएर १३ वटा बनाए । प्रदेशमा १४ मन्त्रालय बनाइएपछि ६ वटा सचिवविहीन छन् । फुटाइएका मन्त्रालयमध्ये खानेपानीबाहेक अरुमा सचिवनै छैनन् । मुख्यमन्त्री राजेन्द्र पाण्डे आफैले प्रदेशले संघीय सरकारलाई दरबन्दीभन्दा करिब ४६ प्रतिशत कर्मचारी कम पठाएको बताउँदै आएका छन् ।

प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय बनाएपछि भौतिक र श्रम मन्त्रालयको जिम्मेवारी एउटै सचिवले सम्हालिरहेका छन् । खानेपानी मन्त्रालयमा भने नयाँ सचिव होमकुमार शाक्य आइपुगेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । उनका अनुसार विभाजन हुनुअगाडि मन्त्रालयमा ५५ जना कर्मचारीको दरबन्दी रहेकोमा ३३ जना मात्र कार्यरत थिए । त्यसबेला पनि कर्मचारी अभाव कायमै थियो । फुटाइएका र पुराना मन्त्रालयका लागि सवारीसाधनको रुपमा गाडि खरिदका लागि मात्र बागमती सरकारले ढुकुटीबाट ३० करोड खर्चिने भएको छ । पुराना र फुटाइएको मन्त्रालय गरी १४ मध्ये १२ वटा मन्त्रालयले नयाँ गाडि खरिदका लागि ३० करोड खर्चिने भएको हो । मन्त्रालयहरुको माग अनुसार करिब ३० वटा थप हुनेगरी खरिद प्रक्रिया अघि बढाउने तयारी थालिएको छ । प्रत्येक गाडिका लागि ५० लाख रुपैयाँको दरले ३० वटा गाडि खरिद गर्नेगरी १५ करोड रुपैयाँ खर्चिने तयारी थालिएको हो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई महाशाखा प्रमुख ३ जना, सचिव, मन्त्री र राज्यमन्त्री गरी ६ वटा गाडी आवश्यक पर्नेगरी माग गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस २१ गते बुधबार ५ जनवरी २०२१ । पुस कृष्ण तृतीया । पोहेलाथ्व तृतीया ११४१ । सूर्योदय ६:५५ र सूर्यास्त ५:२३ मा हुनेछ । गुरु गोविन्द सिंह जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

### अरुको व्याख्या थाहा भएन

# हामीले बुझेको वैशाख २२ भित्र स्थानीय निर्वाचन हुनैपर्छ



दिनेशकुमार थपलिया

यतिबेला स्थानीय तहको निर्वाचनबारे बहस सुरु भएको छ । हामीले केही दिन पहिले नै प्रधानमन्त्रीज्यूलाई भेटेर स्थानीय तह निर्वाचन सकेसम्म २०७९ वैशाख १४ गते, एकै चरणमा सम्भव नभए पहिलो चरण वैशाख १४ र दोस्रो चरण वैशाख २२ गते हुनेगरी निर्वाचनको मिति तोक्न सकिने प्रस्ताव गरेका छौं । यी दुई मितिमध्ये एकमा, एकै चरणमा निर्वाचन गर्न सकिन्छ । आयोगले सोहीअनुसार मतदाता नामावली अद्यावधिकदेखि अन्य तयारी पनि गरेको छ । अब सरकारले मिति घोषणा गरेमा हामी निर्वाचनकै तयारीमा लाग्न सक्छौं ।

निर्वाचन आयोग र सरकारका बीचमा भएको छलफलपछि केही संवैधानिक र कानुनी प्रश्नहरु सार्वजनिक बहसमा आएको सुनेको छु । यी प्रश्न र उत्तरको व्याख्या गर्ने निकाय निर्वाचन आयोग होइन । अदालत वा अन्य निकायले प्रश्न उठेमा वा व्याख्या गर्ने आवश्यक ठानेमा गर्ने नै छन् । तर, आयोगले हेर्दा यो प्रस्ताव संविधान र कानुन अनुसार नै भएको छ । स्थानीय तहका निर्वाचित जनप्रतिनिधिको अवधि पाँच वर्ष हुने भनेर संविधानमा लेखिएको छ । संविधानमा ६ महिनाभित्र यसरी रिक्त हुने स्थानीय तहको निर्वाचन गर्ने पनि भनिएको छ ।

संविधानका यी दुई व्यवस्था हेर्दा पहिलो अवस्थाले दोस्रो अवस्थालाई काटेको संविधानमा प्रष्ट देखिन्छ । संविधानमा लेखिएको ६ महिना भनेको एउटा अवधिको रुपमा राखिएको प्राविधिक पक्ष हो । नत्र ६ महिना पछि नै गर्नुपर्छ भन्ने हो भने त्यसपछिका अन्य संवैधानिक प्रश्नहरु पनि सिर्जना हुने देखिन्छ । संविधानले भनेकाले सबै चरणमा भएका निर्वाचनको ६ महिनापछि निर्वाचन गर्ने हो भने यसरी रिक्त हुँदा त्यो ६ महिना चाहिँ कसले चलाउँछ भन्ने पनि व्याख्या हुनुपऱ्यो । यो ६ महिनामा पहिलो चरणमा निर्वाचन भएका स्थानीय तहमा शून्यता भयो कि भएन ? त्यसकारण यसरी विवाद गर्ने हो भने यसबारे अदातलले व्याख्या गर्नुपर्ने देखियो । संविधानमा निर्वाचन सम्बन्धी अरु व्यवस्था संघीय कानुन अनुसार हुने भनिएको छ । संघीय कानुन ६०१ जनाबाट निर्मित हो । यसरी कानुन बनाउँदा त्यहाँ पनि पर्याप्त छलफल र बहस भएको थियो । अहिले उठेको प्रश्न पनि त्यहाँ उठेको थियो । २०७३ सालमा स्थानीय तह निर्वाचन सम्बन्धी कानुन जारी भयो । संघीय कानुनमा स्थानीय तहको निर्वाचन मिति आयोगले सिफारिस गर्ने अनि सरकारले तोक्ने भनियो । यस्तो निर्वाचन एकै पटक वा चरणबद्ध गर्ने पनि उल्लेख गरियो । चरणबद्ध गरे पनि एकै पटक भएको मानिनेछ भन्ने उक्त कानुनमा लेखिएको छ । ऐनमा यो कुरा प्रष्टै लेखिएको छ । यो कुरा निर्वाचन आयोग वा मैले लेखेको पनि होइन ।

विभिन्न चरणमा गरिएको निर्वाचन पनि एकै चरणमा सम्पन्न भएको मानिने अर्को आधार भनेको संसदले बनाएको कानुन हो । स्थानीय तह निर्वाचन ऐन २०७३ ले दिएको अधिकार आयोगले प्रयोग गर्ने हो । यसकारण २०७४ असोज २ गते (तेस्रो चरणमा) भएको निर्वाचन पनि पदावधिको दृष्टिकोणबाट पहिलो चरणमै भएको मानिन्छ । यसरी हेर्दा पछि निर्वाचन भए पनि पदावधि अघिकै कायम हुने कुरा ऐनमा लेखिएको छ । संघीय कानुन अन्तर्गत बनेको यो कानुनका आधारमा आयोगले स्थानीय तहको निर्वाचनको तयारी गरिरहेको छ ।

उक्त ऐनको दफा ३ को उपदफा २ बमोजिम निर्वाचन मिति तोक्दा सामान्यतया: एउटा प्रदेशको सबै स्थानीय तहका सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न हुने गरी तोक्नु पर्छ । यो कानुनी व्यवस्थाले एउटा प्रदेशमा फरक फरक समयमा निर्वाचन नगर्ने परिकल्पना गऱ्यो । सोही ऐनको दफा ४ ले जति पटक वा चरणमा निर्वाचन भएको भएपनि त्यसलाई तोकिएकै मितिमा सम्पन्न भएको मानिने भनेको छ । ऐनको दफा ४ को उपदफा २ बमोजिम अलग-अलग मितिमा सम्पन्न भएको निर्वाचन उपदफा १ बमोजिम तोकिएको मितिमा सम्पन्न भएको मानिनेछ । ऐनमा यसो लेखिनुको अर्थ २०७४ वैशाखदेखि असारसम्म भएका निर्वाचन तोकिएको मितिमा सम्पन्न भएको हो ।

दफा १ मा नेपाल सरकारले मिति तोक्ने र त्यसका लागि आयोगको परामर्श लिने भनिएको छ । आयोगले दफा ४ को १ अनुसार परामर्श गर्दै वैशाख २२ गतेअघि नै निर्वाचन गर्नुपर्छ भनेको हो । ऐनले दिएको यो अधिकार प्रयोग गर्दा गैरकानुनी वा संविधान मिचेको तर्कमा सहमत हुन सकिँदैन । ऐनमा उल्लेख भएबमोजिम पदावधिको दृष्टिकोणबाट हेर्दा सबै स्थानीय तहका पदाधिकारीको अवधि जेठ ५ गते नै समाप्त हुने देखियो । होइन भने हरेकलाई पाँच वर्ष पुऱ्याउँदै जाने हो भने निर्वाचन कति चरणमा गर्ने ? त्यसले गर्दा पहिले तीन चरणमा निर्वाचन भएकाले अब पनि तीन चरणमै गर्नुपर्ने हुन्छ । के यो सम्भव छ त ? यसरी नै हरेक वर्ष निर्वाचन गर्ने हो त ? पछिल्लो पटक निर्वाचित भएकाले पाँच वर्षकै अवधि पूरा गर्न पाउनुपर्छ भनेर व्याख्या गर्ने हो भने पहिलो चरणमा निर्वाचितहरुले पाँच वर्ष ६ महिना अवधि रहन पाउने भनेर व्याख्या गर्न मिल्ने कि नमिल्ने ? म यसको व्याख्याता होइन, मैले व्याख्या गर्ने पनि होइन । यो बहसकै विषय हो । अहिले निर्वाचन आयोगले भनेको के मात्र हो भने पहिलो चरणको व्याख्या भनेको निर्वाचन भएको सात दिनपछि हो । त्यसरी हेर्दा पहिलो चरणको निर्वाचन २०७४ वैशाख ३१ गते भएको हो ।

यसरी सात दिन थप गर्दा जेठ ५ गते हुन जान्छ । यसरी गर्दा निर्वाचन सम्पन्न भएर मतगणना सकिएको र निर्वाचित जनप्रतिनिधिले शपथ लिएको समयावधि 'मीट' हुन्छ भन्ने हाम्रो बुझाइ हो । ३१ गते निर्वाचन भयो, सबै चरणलाई एकै रुपमा मानियो र जेठ ५ गतेसम्म जनप्रतिनिधिहरु स्थानीय तहमा उपलब्ध भए- हामीले प्रष्ट रुपमा बुझेको यत्ति हो । म्याद सकिएको भोलिपल्ट के हुनुपर्छ भन्ने कुरा संविधान वा कानुनमा उल्लेख हुनुपर्छ ।

**यसकारण पहिल्यै आउनुपर्छ जनप्रतिनिधि**

जनप्रतिनिधिहरु किन पहिल्यै आउनुपर्छ भन्ने कुरामा हाम्रो इतिहास अध्ययन गर्न जरुरी छ । हामीले गलत इतिहासबाट सच्चिएर नयाँ बनाउने अभ्यास थालनी संविधान निर्माणपछि गरिरहेका छौं । त्यसमा २०४७ सालको संविधानको व्यवस्थालाई पनि फर्केर हेर्न जरुरी छ । २०४७ सालको संविधानमा स्थानीय निकायको पदावधि पाँच वर्ष नै थियो । ऐन बनाउँदा त्यसबारे केही प्रष्ट उल्लेख थिएन । ऐनमा स्थानीय निकायमा पाँच वर्ष अवधि हुने र उक्त अवधि समाप्त भएमा एक वर्षसम्म सरकारले निर्णय गरेर थप गर्न सक्ने प्रावधान राखियो । यो भनेको यसअघि नै निर्वाचित भएका जनप्रतिनिधिहरुले थप एक वर्ष सरकारले गर्ने निर्णयका आधारमा आफ्नो पदावधि निर्वाचन नभए पनि पाउने भए । त्यस्तै, ऐनमा यो वा अन्य तरिकाले चलाउन सक्ने छ पनि भनियो ।

'यो वा अन्य तरिका' भन्ने व्यवस्थाकै कारण १५ वर्षसम्म स्थानीय तहको निर्वाचन नै भएन । अनि, एकपछि अर्को बहानामा जनताको घरदैलोका सरकार रिक्त (जनप्रतिनिधिविहीन) रहे । यसबीचमा सर्वदलीय संयन्त्रदेखि अनेक कार्य भए । यो विषय अदालतसम्म पुग्यो र सर्वोच्चले पटक-पटक स्थानीय तहको निर्वाचन गर्न आदेश दियो । अहिलेको ऐनमा त म्याद थप गर्ने वा अन्य तरिका उल्लेख छैन ।

दुई महिना अघि निर्वाचन गर्ने मात्र भनिएको छ । यो कुरा निकै छलफल र इतिहास सिकेर नै राखिएको हो । विगतमा लामो समय स्थानीय निकाय रिक्त राख्दा भोग्नुपरेको समस्या र अप्ठेरोलाई महसुस गरेर नै कानुन बनाउने जनप्रतिनिधिहरुले लामो बहस र छलफलपछि यो व्यवस्था गरेका हुन् । कानुन बनाउने कार्यमा म आफैं पनि कुनै रुपमा संलग्न रहेकाले यसबारे केही जानकार छु । तत्कालीन समयमा स्थानीय विकास मन्त्रालयको जिम्मेवारीमा रहेकाले सरोकारवाला मन्त्रालयको रुपमा मैले कानुन निर्माणमा सक्रिय सहभागिता जनाएको थिएँ । ऐन बनाउँदा गरिएको कानुनको व्याख्या पनि होला । उक्त व्याख्यात्मक टिप्पणीमा पनि किन दुई महिना अघि भनेर लेखिएको होला ।

अहिले म्याद थप र अन्य कुरा लेखिनु हुँदैन, अवधि बाँकी रहँदैमा निर्वाचन गर्नुपर्छ भनेर हामीले पनि सुझाव दिएका थियौं । सांसदहरु पनि यही पक्षमा उभिएका थिए । सबैको सहमति भएपछि यो कुरा स्थानीय तह निर्वाचन सम्बन्धी ऐनको एउटा दफामै लेखिएको हो । संविधानमा ६ महिनाभित्र निर्वाचन हुने भन्दै पाँच वर्षको पदावधि कायम गरिएको हो ।

संविधान र कानुनमै टेकेर हामीले दुई महिना अघि भन्नुको अर्थ जनप्रतिनिधिको पद रिक्त हुनुअघि उक्त स्थानमा जनप्रतिनिधि आउनुपर्छ भन्ने हो । यो अमेरिकाको चुनावजस्तै हो । अमेरिकामा जनवरीसम्म राष्ट्रपतिले कुरे जस्तै यहाँ पनि यस्तै कल्पना गरिएको हो । अगाडि हुँदा कुर्न सकिन्छ तर, खाली चाहिँ हुनु हुदैन भन्ने सिद्धान्तमा आधारित रहेर स्थानीय तह निर्वाचन सम्बन्धी ऐनमा यो व्यवस्था राखिएको थियो ।

हामीले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर निर्वाचनको मिति प्रस्ताव मात्र गरेका हौं । संविधान र कानुनको आधार लिएरै वैशाख १४ र २२ गतेको मिति प्रस्ताव गरेका हौं । यसमा सरकारले १२ गते वा अन्य कुनै दिन पनि तोक्न सक्छ । त्यो सरकारको अधिकार हो तर, २२ गतेपछि चाहिँ तोक्नु हुँदैन भन्ने सुझाव हामीले दिएका छौं ।

२२ गतेपछि किन हुँदैन त भन्दा २५ गतेसम्म निर्वाचनको परिणाम आउँछ । सदरमुकाम आएर शपथ लिन समय चाहिन्छ । यसरी शपथ गरेर फर्कंदा जेठ ५ नाघिसक्छ । शपथ नलिइकन पदमा बस्न पाइँदैन । कैयौं पहाडी जिल्लामा सदरमुकाम पुगेर आउनै एक साता लाग्न सक्छ । यो सबै कुरा ख्याल गरेर मिति तोक्न जरुरी छ ।

यो हाम्रो व्याख्या हो । यसमा असार र असोजमा निर्वाचन भएको छ, उनीहरुलाई पाँच वर्ष अवधि पूरा गर्न किन नदिने भनिन्छ भने त्यो हाम्रो व्याख्याको कुरा भएन । आयोगले बुझेको के हो भने वैशाख २२ गतेसम्म निर्वाचन गर्नुपर्छ र जेठ ५ गतेअघि जनप्रतिनिधि सम्बन्धित स्थानीय तहमा पुग्नुपर्छ । कानुनले यही भन्छ र आयोगले यही बुझेको छ । यही कुरा हामीले प्रधानमन्त्रीलाई भनेका छौं र त्यही अनुसार तयारी पनि थालेका छौं ।

*- साभार: नेपाललाईभ*

# अब एक दशकका लागि निर्बिकल्प ओली !

२०६२-६३ को जनआन्दोलनपछि आमनेपालीले बीपी, पुष्पलाल गणेशमान, मनमोहन जस्ता नेता खोजेका थिए, जसले हिमाल, पहाड र मधेसका जनतालाई फदयमा राखेर देशहितमा काम गरुन्, मुलुकलाई सुशासनसँगै आर्थिक समृद्धिको दिशामा अघि बढाउन् ।

उक्त आन्दोलनको बलमा व्यवस्था परिवर्तन भयो, तर नागरिकको जीवनस्तर र देशको अवस्थामा खासै परिवर्तन आएन । संविधानसभाबाट संविधान बन्यो, देशमा संघीय गणतन्त्र आयो । तर शासनसत्ता चलाउनेहरुले संविधानसभालाई समेत समानुपातिकका नाममा आफ्नाहरुलाई सांसद बनाउने काम गरे ।

सत्तामा हुनेहरुले देश र नागरिकको हितमा काम गरेनन् । देशका प्राकृतिक स्रोत बेचिए, नदीनालामा चलखेल भयो । पहिलो संविधानसभामा तत्कालीन विद्रोही नेकपा माओवादी पहिलो पार्टी भयो । उक्त पार्टीप्रति धेरैको आशा थियो । तर, माओवादीले पनि जनताको हितमा केही काम गर्न सकेन । नेपालको संविधान आफूमैत्री नभएको भन्दै भारतले अघोषित नाकाबन्दी लगायो । नाकाबन्दीका विरुद्ध त्यतिबेलाका प्रधानमन्त्री केपी शर्मा ओलीले लिएको अडानले आमनेपालीको शीर ठडियो ।

त्यतिमात्रै होइन, त्यतिबेलाको ओली सरकारले लिएका मुलुक समृद्धिका मुद्दाले निराश नेपालीमा आशाको सञ्चार गरायो । युवापुस्तालाई आफ्नै पालामा मुलुक समृद्ध भएको हेर्न आतुर बनायो । तर, देशी विदेशी शक्तिले ओलीको मुलुक समृद्ध बनाउने सपना साकार पार्न दिएन । संविधानसभाबाट संविधान जारी भएपछि भएको पहिलो आमनिर्वाचनमा एमाले र माओवादीको गठबन्धनले करिब दुईतिहाई बहुमत ल्यायो । एकबेला तेस्रो भएको एमाले देशको पहिलो ठूलो पार्टी बन्यो । पछि एमाले र माओवादीबीच पार्टी एकता भएर नेकपा बन्यो । नेकपाको



गीता कार्की

तर्फबाट अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गरे । ओलीले पहिलोचोटि प्रधानमन्त्री हुँदा राष्ट्रियताको सबालमा बहस चलाए । भारतको नाकाबन्दीविरुद्ध चीनसँग पारबहन सम्झौता गरे । त्यसले नेपाललाई भारतको मात्रै भर पर्नुपर्ने परिस्थितिको अन्त्य गरिदियो ।

दोस्रोचोटि शक्तिशाली प्रधानमन्त्री भएका ओलीले भारतले दाबी गर्दै आएको कालापानी, लिपुलेकसहितको नक्सा संसदबाटै परित गरे । यसले ओलीसँगै आमनेपालीको उचाइ झन् बढ्यो । नेपाललाई आफ्नो स्वार्थको खेलौना बनाउने राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिहरुले उनका विरुद्ध अनेक थरी चलखेल गरे । तर ओलीलाई परास्त गर्न नसकेपछि पार्टी भित्रबाट ओलीलाई पराजित गर्न खोजियो ।

तर त्यस्तो षडयन्त्रका बाहकहरुसँग ओलीले कुनै सम्झौता गरेनन् । त्यसपछि उनी सोझै जनताका बीचमा गएर फैसला गर्न चाहन्थे । तर देशी विदेशी प्रतिक्रियावादीहरुले अदालतबाट परमादेशको नाटक गरेर नेपालको संविधानमाथि घात गर्दै ओलीलाई जनतामा जानबाट रोकियो । विपक्षमा र सडकमा भए पनि लाखौं कम्युनिष्ट क्रान्तीकारीहरुबीच नारायणी किनारमा विश्वव्यापी रुपमा साम्यवादी दलकै इतिहासमा अमरत्व प्राप्त गर्ने गरी अति नै विशिष्ट खालको शान्तिपूर्ण जनभेला गरेर नेपालको भावी राजनीति अब नेकपा एमालेले हाँक्ने छ भन्ने प्रमाणित गरिदिए । आज नेपालका सबै साम्यवादीहरुलाई एकीकरण गर्ने कुरामा भइरहेको कूटनैतिक चहलपहल र मित्र राष्ट्रहरुसंग भइरहेका आर्थिक राजनीतिक लेनदेनका कुरासमेत ओलीबिना असम्भव हुने निश्चित भइसकेको छ । ओलीको जस्तो उचाइ भएको, राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धमा परिपक्व नेता अर्को छैन भन्ने कुरा विभिन्न घटनाक्रमले पुष्टि गरिसकेको छ ।

राप्रपाका कमल थापा आफ्नै कार्यकर्ताबाट पराजित भए । शेरबहादुर देउवा दश थरी गुटहरुसंग सम्झौता गरेर अनेकौं तिकडमपछि फेरि कांग्रेस सभापति भए । माओवादी अध्यक्ष प्रचण्डमाथि त पार्टीलाई तानाशाही तरिकाले चलाएको र विरोध गरे आफ्नै दौतरीहरुको टाउको गिँड्न सक्ने हत्यारा राजनीति चलाएको आरोप छ ।

अन्य दलहरुमा पनि एकचोटि नेता भए कहिले पद नछोड्ने र भनेको जस्तो पद नपाए डा. बाबुराम भट्टराई जस्ताले दश खोलाको पानि चाख्दै हिँडेको दु:खद स्थिति पनि सबैले बुझेका छन् । नेताहरुमध्ये कार्यकर्ताको मन बुझ्ने मात्र होइन, सही नीतिमा आफ्नो दललाई हिँडाउने काम गर्न एमाले अध्यक्ष ओली सफल भएकोले नै जनता र कार्यकर्ताहरुले उनलाई 'बा' भनेर सम्मान गर्छन् । मुठीभरका देशघाती दलालहरुले तिललाई ताड बनाएर उनको व्यक्तित्वमाथि हमला गरिरहेका छन् । नेकपा एमाले नै हो, जसले वृद्ध तथा सामाजिक सुरक्षा भत्ता प्रदान गर्यो ।

सुकुम्बासीलाई पुर्जा र राष्ट्रलाई तुइनमुक्त गर्ने जस्ता कार्यक्रम ल्यायो । नेपाली आकाशमा धेरै विशिष्ट राजनीतिक नेता हुनुहुन्छ, आजको युगअनुसारको 'समृद्ध नेपाल र सुखी नेपाली'को दूरदर्शी नारा केपी ओलीले नै प्रस्तुत गरेका हुन् । नेतृत्वमा पुरुषलाई मात्र महत्व दिने परम्परालाई तोडेर राष्ट्रप्रमुखमा विद्यादेवी भण्डारी जस्तो युगद्रष्टा सहिद क. मदन भण्डारीकी पत्नीलाई ल्याउनुमा ओलीको भूमिका महत्वपूर्ण छ ।

अहिले अरु दलहरुले महिलालाई बढार्न लागि रहेको बेला क. ओलीको नेतृत्वमा एमाले पार्टीमा एकतिहाई महिला नेतृहरुलाई स्थापित गरिएको छ । यो अग्रगामी सोचलाई ओलीले व्यवहारमै उतारे । एमालेका लाखौं कार्यकर्ता मात्र होइन, आम जनसमुदायले भावी एक दशक ओली जस्तै देशभक्त, जनवादी र बहुलवादी विचार भएको नेताको नेतृत्वलाई सहर्ष स्वीकार गर्दा विपक्षीको मनमा चिसो पसेको छ ।

एमालेविरोधीहरु जनतामा जानको लागि अर्थात् निर्वाचन लड्न डराइरहेका छन् । र उनीहरु अदालतले परमादेश दिए जस्तै कुनै षडयन्त्रकारी तानाबाना बुन्न लागि परेका छन् । नेपाली जनता भने ओली जस्तो लोकप्रिय जननेतालाई फेरि पनि सिंहदरवारमा स्थापित गरेर समृद्ध नेपाल बनाउने र आफू सुखी हुने सपना साकार पार्न लालायित छन् ।

*(लेखक नेकपा एमालेकी केन्द्रीय सदस्य हुन् ।)*

*- साभार: नेपालप्रेस*

